apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः १५१ ● पृष्ठः ४ ● ०४ असार २०८३ विहीबार (18 June 2026, Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/



बजेट पुनरावलोकन गर्न सत्तापक्षकै सांसदको माग, दबाबमा अर्थमन्त्री वाग्ले समाचार पृष्ठ ३

# सिरहामा १४७ फार्मेसीको दर्ता खारेज

## नवीकरण नगर्ने औषधि पसलमाथि विभागको कडा कारबाही, देशभर ५ हजारभन्दा बढी फार्मेसीको इजाजत रद्द

**शुभ नारायण कामती**
सिरहा, असार ०३ गते




औषधि व्यवसायलाई व्यवस्थित बनाउँदै जनस्वास्थ्य सुरक्षालाई थप प्रभावकारी बनाउन औषधि व्यवस्था विभागले देशव्यापी रूपमा सञ्चालन गरेको कारबाही अन्तर्गत सिरहा जिल्लाका १४७ वटा फार्मेसीको दर्ता प्रमाणपत्र खारेज गरेको छ।

विभागले मंगलबार सार्वजनिक गरेको विवरणअनुसार औषधि ऐन, २०३५ को दफा ११ मा गरिएको संशोधनबमोजिम २०८३ जेठ २८ गतेसम्म नवीकरण प्रक्रिया पूरा नगरेका औषधि पसलहरूको दर्ता स्वतः खारेज गरिएको हो। तोकिएको समयभित्र नवीकरणका लागि नआएका फार्मेसीहरू अब कानुनी रूपमा सञ्चालन गर्न नपाइने विभागले जनाएको छ।

औषधि व्यवस्था विभागकी निमित्त महानिर्देशक शिवानी खड्गीका अनुसार दर्ता खारेजीमा परेका फार्मेसीहरूले औषधि बिक्री-वितरण गर्न पाउने छैनन्। पुनः सञ्चालन गर्न चाहने व्यवसायीहरूले नयाँ दर्ता प्रक्रिया पूरा गरी अनुमति लिनुपर्ने व्यवस्था रहेको छ।

विभागका प्रवक्ता तथा वरिष्ठ औषधि व्यवस्थापक किरण सुन्दर बज्राचार्यले देशभर दर्ता भएका करिब २६ हजार ३०० फार्मेसीमध्ये ५ हजार ३०२ वटा फार्मेसीको दर्ता रद्द गरिएको जानकारी दिए। यससँगै वैधानिक रूपमा सञ्चालनमा रहेका फार्मेसीको संख्या २० हजार ९९८ मा सीमित भएको छ।

नेपाल औषधि व्यवसायी संघ सिरहाका अध्यक्ष सन्तोष अग्रवालका अनुसार जिल्लामा हाल ३६३ वटा फार्मेसी दर्ता छन्। तीमध्ये १४७ वटाको दर्ता खारेज हुनु जिल्लाको औषधि व्यवसाय क्षेत्रमा ठूलो संख्याको कारबाही मानिएको छ।

विभागका अनुसार मनाङ, मुस्ताङ र रसुवाबाहेक ७४ जिल्लामा दर्ता खारेजीको कारबाही गरिएको छ। सबैभन्दा बढी काठमाडौंमा १ हजार १३८ वटा फार्मेसीको दर्ता रद्द भएको छ। मधेश प्रदेशमा सिरहाका १४७, पर्साका १४४, सप्तरीका १००, रौतहट र सर्लाहीका ८५-८५, महोत्तरीका ६६ तथा बाराका ५३ वटा फार्मेसी खारेजीमा परेका छन्।

विभागले धेरै फार्मेसी नवीकरण प्रक्रियामा नआउनुको कारण आवश्यक मापदण्ड पूरा नगर्नु, व्यवसाय बन्द भइसकेको हुनु वा कानुनी प्रक्रिया पूरा नगर्नु हुनसक्ने जनाएको छ। सीमावर्ती क्षेत्रसहित विभिन्न जिल्लामा गरिएको अनुगमनका क्रममा चिकित्सकको प्रेस्क्रिप्सनबिना एन्टिबायोटिक लगायत औषधि बिक्री गर्ने, बिरामीको उपचार गर्ने तथा अवैध क्लिनिक सञ्चालन गर्ने गतिविधिसमेत फेला परेको विभागको भनाइ छ।

छड्के अनुगमनका क्रममा कतिपय औषधि पसलबाट म्याद गुज्रिएका औषधिसमेत बिक्री भइरहेको भेटिएको विभागले जनाएको छ। चालु आर्थिक वर्षमा मात्रै नियम उल्लंघन गर्ने ५० भन्दा बढी फार्मेसीमाथि कारबाही तथा जरिवाना गरिएको छ।

जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने औषधि व्यवसायलाई थप

बाँकी पृष्ठ ३

# मधेशको विकास खर्च ११ महिनामा जम्मा १३.७६ प्रतिशत




**अपन दैनिक संवाददाता**
जनकपुरधाम, असार ०३ गते

मधेश प्रदेश सरकारको बजेट एकदमै न्यून खर्च भएको छ। चालु आर्थिक वर्ष २०८२/८३ को गत ११ महिनामा मात्र २१.२४ प्रतिशत बजेट खर्च भएको हो। चालुतर्फ ३६.२२ प्रतिशत र पुँजीगततर्फ मात्र १३.७६ प्रतिशत बजेट खर्च भएको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय सार्वजनिक गरेको तथ्यांकअनुसार मधेश सरकारले चालु आवका लागि कुल ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँ वजेट विनियोजन गरेका थियो। पुँजीगततर्फ ३१ अर्ब ३३ करोड ९६ लाख २९ हजार १८० रुपैयाँ विनियोजन गरेकोमा जेठ मसान्तसम्ममा ४ अर्ब ३१ करोड ३४ लाख ७७२ रुपैयाँ मात्र खर्च गर्न सकेको छ।

यस्तै चालु खर्चतर्फ १५ अर्ब ६४ करोड ३७ लाख २१ हजार ८२० रुपैयाँ बजेट रहेकोमा प्रदेश सरकारले ५ अर्ब ६६ करोड ६६ लाख ५३ हजार ३५२ रुपैयाँ खर्च गरेको छ।

प्रदेश लेखानियन्त्रक कार्यालय, मधेश प्रदेशका सूचना अधिकारी

बाँकी पृष्ठ ४

# सीमा व्यवस्थापनबारे नेपाल-भारत फिल्ड सर्भे टोलीको बैठक जनकपुरमा




**अपन दैनिक संवाददाता**
सिरहा, असार ०३ गते

नेपाल-भारत सीमा दोस्रो फिल्ड सर्भे टोलीको बैठक जनकपुरधाममा सम्पन्न भएको छ। सीमानाकालाई व्यवस्थित तथा सीमा स्तम्भ मर्मतसम्भार एवं पुनः निर्माणबारे दुवै देशका उच्च अधिकारीहरूको सहभागितामा बैठक गरिएको हो।

बैठकमा सीमावर्ती क्षेत्रमा उठ्ने गरेका समस्या समाधान, सीमा स्तम्भको संरक्षण तथा नयाँ स्तम्भ निर्माणलगायतका विषयमा छलफल भएको थियो।

बैठकमा भारततर्फबाट बिहार राज्यका ईस्ट चम्पारण, वेस्ट चम्पारण, सुपौल, मधुबनी र सीतामढी जिल्लाका अधिकारीहरूको सहभागिता थियो। नेपालतर्फबाट सिरहा, सप्तरी धनुषा, महोत्तरी र पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारीसहित सम्बन्धित निकायका प्रतिनिधिहरूबीच छलफल भएको हो।

बाँकी पृष्ठ ३

# संघीयता सवलीकरणबारे समाचार लेखनसम्बन्धी कार्यशाला

**अपन दैनिक संवाददाता**
सिरहा, असार ०३ गते




सानो मुलुक नेपालमा संघीयता खर्चिलो र बोझिलो बन्दै गएको भन्ने गलत भाष्य चिर्न संघीयताको सबल पक्षहरूका बारेमा पत्रकारहरूले सशक्त रूपले कलम चलाउन जोड दिइएको छ।

मधेश प्रदेश, गृह, संचार तथा कानुन मन्त्रालयअन्तर्गत आमसञ्चार प्राधिकरणको आयोजनामा धनुषाको ढल्केवरमा बुधबारदेखि सुरु भएको दुईदिने संघीयता सवलीकरणबारे समाचार लेखनसम्बन्धी कार्यशालामा संघीयताको सबल पक्षमा कलम चलाउन जोड दिइएको हो।

मधेश प्रदेश सरकार श्रम तथा यातायातमन्त्री शारदादेवी थापाले विनाबर्दीका प्रहरी मानिने पत्रकारहरू बेथितिहरूलाई थितिमा ल्याउन भूमिका खेल्न आग्रह गरिन्। २४ भदौको आन्दोलनमा सुरक्षाकर्मीले केही घन्टा हतियार बिसाउँदा देशैभर त्रासको वातावरण सिर्जना भएको स्मरण गर्दै उनले संघीयताको जननी मधेशका पत्रकारहरुले संघीयताले

बाँकी पृष्ठ ३

# मधेश प्रदेशबाट रास्वपाले कसरी छान्छ महाधिवेशन प्रतिनिधि ?

**अपन दैनिक संवाददाता**
सिरहा, असार ०३ गते

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम महाधिवेशनको भव्य तयारी भइरहँदा मधेश प्रदेशमा भने अधिवेशन नै हुन सकेको छैन। मधेशबाट रास्वपाले पुरानै तदर्थ समितिका आधारमा महाधिवेशन प्रतिनिधि सहभागी गराउने भएको छ।

यही असार ७, ८ र ९ गते चितवनमा रास्वपाको प्रथम महाधिवेशन हुँदैछ। महाधिवेशन अघि जिल्ला र प्रदेश अधिवेशन सम्पन्न गर्नुपर्ने भए पनि मधेसमा भने ८ मध्ये ७ जिल्लामा अधिवेशन नै हुन सकेको छैन। जिल्ला अधिवेशन नै

बाँकी पृष्ठ ४

## सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुऱ्याऔं।
- सार्वजनिक स्थलमा सरसफाइ गरौं ।
- सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं।
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं।
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

**सार्वजनिक सम्पति हामी सबैको सम्पति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### विवादले नरोकोस् स्वास्थ्य सेवा

सिरहास्थित प्रादेशिक अस्पतालमा पछिल्ला दिनहरूमा देखिएको व्यवस्थापन-चिकित्सक विवादले स्वास्थ्य सेवाको गुणस्तर र निरन्तरतामाथि गम्भीर प्रश्न खडा गरेको छ। अस्पताल व्यवस्थापन समितिले दुई चिकित्सकलाई हटाउने निर्णय गरेपछि चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले त्यसको विरोध गर्दै आन्दोलनको चेतावनी दिएका छन् । यो अवस्था लम्बिँदै गएमा यसको प्रत्यक्ष असर अस्पतालमा उपचारका लागि आउने सर्वसाधारण बिरामीमाथि पर्ने निश्चित छ।

अस्पताल व्यवस्थापन समितिले सम्बन्धित चिकित्सकहरूले अस्पतालको हितविपरीत गतिविधि गरेको तथा बिरामीलाई निजी क्लिनिकतर्फ पठाउने गरेको आरोप लगाएको छ। अर्कोतर्फ चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले उक्त निर्णयलाई अन्यायपूर्ण भन्दै पुनरावलोकनको माग गरेका छन् । दुवै पक्षका आ-आफ्ना दाबी छन्, तर सार्वजनिक संस्थामा गरिने कुनै पनि निर्णय स्पष्ट प्रमाण, कानुनी प्रक्रिया र पारदर्शिताका आधारमा हुनुपर्छ। यदि आरोप सत्य हुन् भने त्यसको निष्पक्ष छानबिन गरी कानुनअनुसार कारबाही हुनुपर्छ। यदि आरोप पुष्टि हुन सक्दैन भने सम्बन्धित व्यक्तिको पेशागत प्रतिष्ठा र अधिकारको संरक्षण गरिनुपर्छ।

स्वास्थ्य सेवा अत्यन्त संवेदनशील क्षेत्र हो। यहाँ उत्पन्न हुने विवादले कर्मचारी र व्यवस्थापनबीचको सम्बन्ध मात्र प्रभावित गर्दैन, हजारौँ सेवाग्राहीको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्छ। त्यसैले चिकित्सक र स्वास्थ्यकर्मीहरूले 'पेन डाउन' जस्तो आन्दोलनको विकल्प रोज्नुअघि संवाद र संस्थागत प्रक्रियालाई प्राथमिकता दिन आवश्यक छ। त्यस्तै व्यवस्थापन पक्षले पनि कर्मचारीहरूको गुनासो र असन्तुष्टिलाई बेवास्ता नगरी खुला संवादमार्फत समाधान खोज्नुपर्छ।

यसैबीच अस्पतालमा भइरहेको रंगरोगन तथा निर्माणसम्बन्धी कामको प्रक्रियामाथि उठेका प्रश्नहरू पनि गम्भीर छन् । सार्वजनिक निकायमा हुने हरेक आर्थिक तथा भौतिक पूर्वाधारसम्बन्धी गतिविधि पारदर्शी, प्रतिस्पर्धात्मक र कानुनसम्मत हुनुपर्छ। यदि प्रक्रियामाथि शंका उत्पन्न भएको छ भने त्यसबारे स्पष्ट जानकारी सार्वजनिक गर्नु व्यवस्थापनको दायित्व हो । पारदर्शिताले मात्र जनविश्वास कायम राख्न सक्छ।

प्रादेशिक अस्पताल सिरहा मधेश प्रदेशका नागरिकका लागि महत्वपूर्ण स्वास्थ्य संस्था हो। यस्तो संस्थामा हुने विवादले सेवा प्रवाहभन्दा बढी चर्चा पाउनु दुर्भाग्यपूर्ण अवस्था हो। अहिले आवश्यक कुरा आरोप-प्रत्यारोप होइन, तथ्यमा आधारित निष्पक्ष समीक्षा, पारदर्शी निर्णय प्रक्रिया र सबै पक्षबीच विश्वासको वातावरण निर्माण गर्नु हो।

अन्ततः अस्पताल प्रशासन, व्यवस्थापन समिति, चिकित्सक तथा स्वास्थ्यकर्मीहरू सबैको साझा उद्देश्य बिरामीलाई गुणस्तरीय सेवा प्रदान गर्नु हुनुपर्छ। त्यसैले तत्काल संवादको माध्यमबाट विवाद समाधान गर्दै अस्पताललाई राजनीतिक, व्यक्तिगत वा समूहगत स्वार्थभन्दा माथि राख्नुपर्ने आवश्यकता आज झन् बढी महसुस भएको छ । स्वास्थ्य संस्थाको विश्वसनीयता जोगाउने जिम्मेवारी सबै पक्षको साझा दायित्व हो।


माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# बालेन सरकारको जोस र आक्रोशः परीक्षा सुशासनको


प्रा.डा. शोभाखर कँडेल

> प्रविधिले दास बनाउन खोजेको मानव समाजमा प्रविधिमैत्री जनशक्ति आवश्यक देखिन्छ। राज्य सञ्चालन गर्ने नेतृत्व, राष्ट्रसेवक कर्मचारी र सेवाग्राही सर्वसाधारणसमेत प्रविधिप्रति कम्तीमा साक्षर र सचेत हुनुपर्छ। सीपयुक्त जनशक्ति अभावमा सिद्धान्त, विचार, आत्मविश्वास भएर मात्र पुग्दैन, काम गर्ने काजीको आवश्यकता देखिन्छ।



अहिले सामाजिक सञ्जालको चकचकी छ । देशको कार्यकारी प्रधानमन्त्री बालेन शाह, विपक्षी दलका नेता हर्क साङपाङदेखि सत्ता पक्षकी सांसद आशिका तामाङ र प्राध्यापक, कर्मचारीसम्मका वृद्ध तथा युवा राजनीतिकर्मी, बुद्धिजीवी, राष्ट्रसेवक र सर्वसाधारणले स्टाटस पोस्ट गर्ने र कमेन्ट गर्ने गरेको पाइन्छ। कसैका सकारात्मक त कसैका नकारात्मक, कसैका धम्कीपूर्ण त कसैका करुणायुक्त अभिव्यक्ति पोखिएका हुन्छन् । मानौँ आक्रोश व्यक्त गर्ने र सहानुभूति व्यक्त गर्ने अन्य स्थान छैन। राष्ट्रिय होस् या अन्तर्राष्ट्रिय, सामाजिक सञ्जाल वा पत्रपत्रिका सबैमा सकारात्मकभन्दा नकारात्मक टिप्पणी भाइरल भएको देखिन्छ । प्रधानमन्त्रीदेखि सामान्य जनतासम्म भ्युज र पैसाका लोभमा पोस्ट गर्छन् । प्रधानमन्त्रीले सरकारी कुरा पोस्ट गरेर कमाएको पैसा पनि सरकारी कोषमा जम्मा गर्नुपर्छ भनेर एकजनाले सामाजिक सञ्जालमै लेखेका छन् ।

पैँतीस वर्ष शोषण र भ्रष्टाचार गरेकाहरूका विरुद्ध हामी आएका हौँ भन्ने पूर्वनेपोबेबीहरू अग्रसर छन् । आफ्ना बाउलाई आरोप लगाउँदै छन् भनेर फेसबुककै वालमा आलोचना गरेको पाइन्छ। पूर्वविशिष्ट कर्मचारीका छोरा प्रधानमन्त्री बालेन शाह, पूर्वमन्त्री भरतमोहन अधिकारीकी छोरी सांसद लिमा अधिकारी, पूर्वमन्त्री दीपकप्रकाश बास्कोटाकी छोरी सांसद समीक्षा बास्कोटा, २० पटक मन्त्री भएर कीर्तिमानी कमाएका भनिएका पूर्वमन्त्री शरतसिंह भण्डारीका ज्वाइँ हालका मन्त्री विराजभक्त श्रेष्ठ, योजना आयोगका मन्त्री स्तरको पूर्वजागिरे अर्थमन्त्री स्वर्णिम वाग्ले तथा अन्य मन्त्री तथा सांसदहरूका बारेमा टिप्पणी भएका देखिन्छन् ।

सर्वसाधारणका छोराछोरीले त भन्न सुहाउला तर राज्यको सम्पत्तिमा रजाइँ गरेर आफ्ना बाउआमाले कमाएको सम्पत्तिबाट देशविदेश पढेर आएकाहरूले भन्न त नसुहाउन पर्ने हो भनेर आलोचना भएको पाइन्छ।

विश्वविद्यालयलाई राजनीति हस्तक्षेपमुक्त बनाउने उद्घोष गरेको राष्ट्रिय स्वतन्त्र पार्टीका नेता एवम् सांसद कविन्द्र बुर्लाकोटीले अरूको पार्टीको झन्डा नबोकेको, रास्वपाको पनि झन्डा नबोकेको तर पार्टीलाई अलिकति भए पनि सहयोग गरेको, पार्टीले जितोस् भनेर कामना गरेको, जोसुकैले जितोस् भनेर काठमाडौँमा नबसी गाउँमा गएर रास्वपालाई भोट मागेकोलाई एक नम्बर भए पनि बढी दिएर छानिनेछ भन्ने भनाइ पनि भाइरल भएको छ।

विश्वविद्यालयका पदाधिकारी नियुक्ति गर्ने मापदण्ड पूर्ववर्ती सरकारले पनि नबनाएको होइन । कार्यविधिमा ६० प्रतिशत वस्तुगत र ४० प्रतिशत विषयगत भएकोमा अहिलेको कार्यविधिमा त्यसको उल्टो ४० र ६० प्रतिशत बनाइएको छ । यसले के प्रमाणित गर्दछ भने सरकार झनै आफ्ना मान्छे नियुक्त गर्न उद्यत छ । पदाधिकारी नियुक्तिका लागि भएको विज्ञापन र प्रकाशित अल्पसूची त्यसको उदाहरण हो । सांसद कविन्द्र बुर्लाकोटीको उपर्युक्त भनाइले पनि केही हदसम्म पुष्टि गर्दछ।

बलराम तिमिल्सेनाले आफ्नो वालमा हिजोकाले बिनानम्बर आफ्ना छान्थे आजकाले एक नम्बर भए पनि बढी दिएर आफ्ना मान्छे छान्ने भए भनेर पोस्ट गर्नुभयो। पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षत्रीले आफ्नो वालमा संसदीय व्यवस्था अफापसिद्ध गर्न खोजेको, आफैँले बनाएको नीति तथा कार्यक्रम राष्ट्रपतिले वाचन गर्दागर्दै बिचैमा हिँडेको, कता जाने हो कसैलाई थाहै छैन भनेर गम्भीर आरोप लगाउदै पोस्ट गर्नुभयो।

जेठ १ गते विष्णु अर्यालको वालमा कृतिका सापकोटा लेख्छिन्- देशका कार्यकारी प्रमुख र शक्तिशाली नेताहरू सामाजिक सञ्जालमा यस्ता कन्टेन्ट पोस्ट गर्छन्, जसको न त कुनै कूटनीतिक मूल्य हुन्छ, न त नीतिगत गम्भीरता । अचम्म के छ भने तिनै पोस्टहरूमा हजारौँ 'लाइक' ओइरिन्छन् र समर्थक मख्ख पर्छन्। 'सिटपोस्टिङ' र 'डिजिटल हिरोइजम' को कुरूपता भोग्यौँ भनेर एक सचिवले प्रधानमन्त्रीसँग व्यक्तिगत म्यासेजमार्फत 'फेभर' मागेकोमा खबरदारी वा विभागीय कारबाही गर्ने हजारौँ प्रशासनिक र विभागीय तरिका थिए र हुनैपर्थ्यो तर प्रधानमन्त्रीलाई प्रशासनिक प्रक्रियामा होइन, सामाजिक सञ्जालमा 'सिंघम' देखिनुपर्ने थिएन । शक्तिको चरम दुरुपयोग गर्दै राति उठाएर लग्नुपर्ने थिएन । मन्त्री सस्मितदेखि सांसद रञ्जु दर्शनाले त्यो सर्कस 'इन्टरटेन' गर्न आवश्यक थिएन। यी व्यवहार कानुनी राज्यको उपहासबाहेक केही होइन।

एमाले उपाध्यक्ष रामबहादुर थापाले संसद्को बैठकमै वर्तमान सत्ता र त्यसले निर्माण गरेको राजनीतिक घनचक्रको आन्तरिक चरित्रबारे निकै राजनीतिक, दार्शनिक र वैज्ञानिक ढंगले सारपक्षको वामपन्थी विश्लेषण प्रस्तुत गरेको, नेपाली कांग्रेसको लोकतान्त्रिक धारबाट उदाएका कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सरकार र सत्तारुढ दलका नेताहरूका गतिविधिको रूप पक्षमाथिको दृष्टिकोणले सुशासनको ठूलो नारा बोकेर आएको नयाँ शक्तिले व्यवहारमा एउटा अनौठो 'नयाँपन' को थालनी गरेको छ।

बहुमतको बलमा पारित गरिएको कानूनअनुसार अब कुनै सांसदले जस्तोसुकै फौजदारी अभियोग सामना गरिरहे पनि उसको सांसद पद निलम्बन नहुने, संसद् बैठकमा सहभागी हुन पाउने र भत्तातलब बुझिरहन पाउने, आफ्नो हैसियत यथावत् राख्न पाउने व्यवस्था गरिएको छ । कम्तीमा बिग्रेका भनिएका पुरानाले यस्तो व्यवस्था राखेका कारण हालसम्म करिब एक/डेढ दर्जन संसद् निलम्बन भए होलान् ! अहिले राजनीतिमा नयाँपन त देखियो, तर यो नयाँपन सुशासनतर्फको कदम हो कि राजनीतिक सुविधातर्फको, त्यसको मूल्यांकन समय र जनताले नै गर्नेछन् नै !

जेन्जी आन्दोलनदेखि राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार गठन भएयता सो पार्टी र सरकारका पक्षमा सकारात्मक पोस्ट गर्दै आएका त्रिविका निवृत्त प्राध्यापक डा.प्रदीपचन्द्र गौतमको असार १ गतेको फेसबुक वालबाट जोस र होसका कुरा ! शीर्षकमा, हो, म पनि स्विकार्छु नै, नयाँ युवामा जोसजाँगर हुन्छ। नयाँ सोचविचारका साथ रफ्तारमा काम गर्न सक्छन् । तर यी एक्लै काफी छन् ! पाकाहरू आवश्यक छैनन् भन्ने कुरा चाहिँ मान्न तयार छैन । पाकाहरूमा अनुभव हुन्छ। खारिएका हुन्छन्। कहाँ समस्या छ। कहाँ विशेष ध्यान दृष्टि पुर्‍याउन आवशयक पर्छ भलिभाँती जानेका हुन्छन् । होस पुर्‍याएर काम गर्ने हुन्छन् । तसर्थ एकले अर्कालाई निषेध र नजरअन्दाज गर्न मनासिब हुन्न । दुवैको भूमिका अपेक्षित हुन्छ। तर हिजो पाकाले युवालाई गरे जस्तै आज युवाले पनि पाकालाई पैँचो तिर्न लागेका त होइनन कतै ? युवाहरू मात्र काम लाग्ने ! पाकाहरू सबै पत्रु हुन भन्ने भाष्य ठीक होइन। यो हानिकारक छ ! काम कुरो सबै बिग्रेपछि चेत आउनुपूर्व नै विचार गर्ने कि ? नबिर्स ! जोस र होस दुवै आवश्यक हुन्छ ! भनेर वडो परिपक्व विचार उल्लेख गर्नुभएको छ। उहाँको यो सोच अत्यन्तै मार्मिक र व्यावहारिक देखिन्छ।

उल्लिखित टिप्पणी र विचार । समर्थक र आलोचकबाट व्यक्त गरिएका अभिव्यक्ति हुन्। प्रशासनको सर्वोच्च निकाय प्रधानमन्त्री, मन्त्री, सांसद, विशिष्ट श्रेणीका प्राध्यापक, सचिव तथा सर्वसाधारणले सामाजिक सञ्जालमार्फत व्यक्त अभिव्यक्तिले सय दिन पनि काम गर्न नपाएको सरकार अग्रगमनतर्फ केन्द्रित छ त ? भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो।

नयाँ गर्ने भन्दैमा पूर्ववर्ती सरकारले बनाएका संविधान, कानुन, नियम र सोअनुसार निश्चित अवधि तोकेर गरिएका निजामती, शिक्षा तथा सार्वजनिक संस्थानमा सेवारत नियुक्तिहरू केही नेपाल ऐन संशोधनका नाममा पजनी गरेर हायर एन्ड फायरको नीति अवलम्बन गर्न लागेको

बाँकी पृष्ठ ४ ▶▶

## आजको राशिफल

**मेष :** कर्मक्षेत्रमा उल्लेखनीय सफलता प्राप्त हुने संकेत देखिन्छ। योजनाबद्ध प्रयासले अपेक्षित उपलब्धि दिलाउनेछ।

**बृष :** कार्ययोजनाको कार्यान्वयनमा केही ढिलाइ भए पनि अन्ततः सकारात्मक परिणाम हात पर्नेछ।

**मिथुन :** उच्च आत्मबल र आत्मविश्वासका कारण साना प्रयासबाट पनि उल्लेखनीय उपलब्धि हासिल गर्न सकिनेछ।

**कर्कट :** कार्यसम्पादनमा ढिलाइ र बढ्दो खर्चले केही दबाब सिर्जना गर्न सक्छ।

**सिंह :** नयाँ जिम्मेवारीले आत्मविश्वासमा वृद्धि गर्दै कार्यक्षमतामा निखार ल्याउनेछ।

**कन्या :** प्रतिष्ठित कार्यमा संलग्न भई प्रशंसा र मान्यता प्राप्त गर्ने अवसर मिल्नेछ।

**तुला :** संयमता र अनुशासन अपनाउँदा दीर्घकालीन लाभ सुरक्षित गर्न सकिनेछ।

**वृश्चिक :** स्वास्थ्यप्रति सजग रहनु आवश्यक छ। सामाजिक तथा पारिवारिक जिम्मेवारी बढ्ने संकेत देखिन्छ।

**धनु :** पारिवारिक समस्याहरू समाधानतर्फ अग्रसर भई सम्बन्ध सुदृढ हुनेछन्।

**मकर :** यात्रा लाभदायी रहनुका साथै नयाँ अवसरको खोजीमा सहयोगी बन्नेछ।

**कुम्भ :** मानसिक तनावमा कमी आई आत्मविश्वास बढ्नेछ। अध्ययन-शिक्षामा उत्कृष्ट प्रदर्शन हुने सम्भावना छ।

**मीन :** नयाँ कार्य प्रारम्भका लागि समय उपयुक्त देखिँदैन । स्वास्थ्यप्रति विशेष ध्यान दिनु आवश्यक छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल

# डीआइजी जाँदाजाँदै मधेशबाट ३५ प्रहरीको अन्तरप्रदेश सरुवा

✍अपन दैनिक संवाददाता
जनकपुरधाम, असार ०३ गते




मधेश प्रदेशमा प्रहरी नेतृत्व परिवर्तनअघि ३५ जना तल्लो दर्जाका प्रहरीको एकमुष्ट काजसरुवा भएको छ । उनीहरु सबैलाई अन्तरप्रदेश सरुवा गरिएको हो ।

मधेशका प्रहरी प्रमुख डीआईजी गोविन्द थपलियाको स्थानमा उपत्यका प्रहरी कार्यालयबाट अर्का डीआइजी ओमप्रसाद अधिकारी सरुवा भएर आएका छन्। थपलिया जानुअघि ३५ प्रहरी एकैसाथ सरुवा भएका हुन् । सरुवा हुनेमा वरिष्ठ सईदेखि प्रहरी जवानसम्म छन्।

काज र सरुवामा पर्ने प्रहरीमध्ये कतिपयले न्यूनतम कार्यअवधि पुरा गरेका थिएनन् । उनीहरुमाथि कुनै पनि औपचारिक आरोप वा नसिहत दिइएको छैन । थपलियाले आफूसँग विवाद भएका जिल्ला र इलाका प्रहरी प्रमुखहरुको निकटमा रहेर काम गरेकै आधारमा हेडक्वार्टरमार्फत सरुवा गराएको प्रहरी स्रोतको दावी छ।

थपलिया जेठ २९ गते गृह मन्त्रालयको पत्रअनुसार सरुवा भएका थिए भने असार २ गतेको मितिमा तल्लो दर्जाका प्रहरीको काज सरुवा गरिएको थियो।

प्रहरी प्रधान कार्यालयको मानवस्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखाबाट गत जेठ २९ गते काज सरुवाबारे पत्रादेश भएको मधेश प्रहरीको भनाइ छ। त्यस बमोजिम मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाम, धनुषा, प्रशासन शाखाले मातहतका कार्यालयमा पत्राचार गरेर बुधबार नै सबैलाई रवाना बुझ भनेको हो।

केही दिनअघि मात्रै मधेश प्रदेश प्रहरी कार्यालयमा हाजिर भएका एसएसपी प्रभुप्रसाद ढकालले पत्रमा हस्ताक्षर गरेका छन् । ३५ जना प्रहरीलाई अर्को आदेश नभएसम्मका लागि अन्यत्र काज खटाइएको र कुनै बहाना नगरी रवाना लिएर तालुक कार्यालयमा जानकारी गराउन भनिएको छ।

एसएसपी ढकाल प्रशासनको जिम्मेवारीमा आएका होइनन्। उनी जेठ १८ गतेको सरुवामा बागमती प्रदेश प्रहरी तालिम केन्द्र, सिन्धुली, दुधौलीबाट मधेश प्रदेश प्रहरी कार्यालयको अपराध नियन्त्रण तथा अनुसन्धान महाशाखामा दरबन्दी कायम भई हाजिर भएका हुन्।

यस विषयमा जिज्ञासा राख्दा एसएसपी ढकालले प्रहरीको आन्तरिक सरुवा भएको बताए । यस्तो सरुवालाई अस्वाभाविक रुपमा लिन नमिल्ने उनको भनाइ छ।

**को कहाँ पुगे ?**

मधेश प्रदेश प्रहरी गण जनकपुरधामका प्रहरी वरिष्ठ नायब निरीक्षक (वरिष्ठ सई) रामबालक राय यादव सुदूरपश्चिम प्रदेशअन्तर्गत जिल्ला प्रहरी कार्यालय बाजुरा पठाइएका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय बारामा कार्यरत भानुभक्त नेपाललाई गण्डकी प्रदेशअन्तर्गत मुस्ताङ सरुवा गरिएको छ।

विष्णुपुर प्रहरी चौकी सर्लाहीका रोशन अधिकारीलाई कोशी प्रदेश अन्तर्गतको ओखलढुंगा, इलाका प्रहरी कार्यालय ढल्केवरका टेकबहादुर कार्कीलाई पनि कोशी प्रदेशअन्तर्गतकै भोजपुर, जिल्ला प्रहरी कार्यालय रौतहटका प्रकाश सिम्खडालाई पाँचथर र प्रशासन शाखामा कार्यरत राजेन्द्र गिरीलाई उदयपुर पठाइएको छ।

त्यसैगरी, मधेश प्रदेश प्रहरी तालिम केन्द्रका किरण कार्कीलाई दार्चुला, अर्जुनबाबु खतिवडालाई तनहुँ, विवेकानन्द बुढाथोकीलाई संखुवासभा, सुनीलकुमार यादवलाई भोजपुर पठाइएको छ । सरुवामा परेका केही प्रहरीसँग सम्पर्क गर्दा उनीहरुले आफूहरुलाई अनावश्यक दुःख दिइएको बताएका छन्।

आफूहरु कार्यरत रहेको कार्यालय प्रमुखसँग डीआईजीको कुरा नमिलेको दोषको भागिदार आफूहरुलाई बनाइएको उनीहरुको गुनासो छ। यद्यपि औपचारिकरुपमा बोल्न चाहँदैनन्।

# बजेट पुनरावलोकन गर्न सत्तापक्षकै सांसदको माग, दबाबमा अर्थमन्त्री वाग्ले

✍अपन दैनिक संवाददाता
काठमाडौं, असार ०३ गते



केही दिनअघि अर्थमन्त्री स्वर्णिम वाग्लेले बजेट संशोधनको माग गर्ने विपक्षी दलका सांसदलाई खिसी टिउरी गरेका थिए। गत शुक्रबारको प्रतिनिधिसभा बैठकमा विनियोजन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावको छलफलका क्रममा नेकपा एमालेका सांसद राजेन्द्र राईले बजेट पुनर्लेखन गर्नुपर्ने माग राखेका थिए।

राईको नाम नै उल्लेख गरेर अर्थमन्त्रीले जवाफ दिए, 'बजेटको पुनर्लेखन हुन्छ, तर अर्को वर्ष ।'

अर्थमन्त्रीबाट यस्तो अभिव्यक्ति आइरहेको बेला बुधबारको प्रतिनिधि सभाको छलफलमा भने सत्तापक्षकै सांसद इन्दिरा रानामगरले बजेटमा पुनर्विचार गर्नुपर्ने धारणा राखिन् । पूर्वउप-सभामुखसमेत रहेकी सांसद रानामगरले सडक बाटोको अभावमा झापा, हुम्ला, जुम्लालगायतका नागरिकले ठूलो जोखिम उठाउनुपर्ने भन्दै सडक पूर्वाधारमा पर्याप्त बजेटको व्यवस्था गर्न र विनियोजित बजेटमा पुनरावलोकन गर्न अर्थमन्त्री वाग्लेको ध्यानाकर्षण गरिन्।

उनले भनिन्, 'लाप्चेटारबाट मदन भण्डारी मार्ग आउने चार किलोमिटर मात्र बाटोमा मानिसहरू बन्दीजस्तै भएर बस्न बाध्य छन् । बर्खाभरि नै यो स्थानका स्थानीयको सडकसँग कुनै पहुँच नै हुँदैन । यातायातको कुनै सुविधा छैन । आपत्कालीन अवस्थामा एम्बुलेन्स आउने बाटो छैन । यो स्थानलाई सुगमको दुर्गम क्षेत्र भने पनि हुन्छ,' रानामगरले भनिन्, 'त्यो बाटो बन्यो भने मात्र ५०० घरधुरीलाई सहज हुन्छ । तर, त्यसका लागि बजेटको व्यवस्था गरिएन । यस्तो क्षेत्रमा एउटा योजना पनि नपरेको देख्दा म छक्क परेको छु।'

उनले थप भनिन्, 'पूर्वाधारमन्त्रीज्यू, अर्थमन्त्रीज्यूलाई म यो अनुरोध गर्छु झापाको मात्र होइन, जुम्ला, हुम्ला त्यस्ता विकट क्षेत्र जहाँ जनता एकदमै चुनौतीपूर्ण भएर बस्नुपरेको छ। यस्ता क्षेत्रलाई समेट्ने गरी बजेटको पुनरावलोकन गरिदिनु हुन अनुरोध गर्दछु।'

बजेट विनियोजनका क्रममा अर्थमन्त्री वाग्लेले दुर्गम, पिछडिएका क्षेत्र खासगरी कर्णाली प्रदेशलाई उपेक्षा गरेको आरोप मंगलबारे संसदमा विपक्षी सांसदहरूले उठाएका थिए । नेकपा एमालेका प्रमुख सचेतकसमेत रहेका सांसद ऐन महरले अर्थमन्त्री वाग्ले तिरणमा प्रभावित हुँदै शहरी क्षेत्र खासगरी एलिट वर्गको क्षेत्रमा मात्र बजेट हालेको आरोप लगाएका थिए। अर्थमन्त्रीको जिल्ला तनहुँ, कास्की र काठमाडौंमा बजेट केन्द्रित गरिएको भन्दै उनले तिखो आलोचना गरे।

यसैगरी, कर्णालीबाट संसदमा प्रतिनिधित्व गर्ने सांसद गोपाल शर्मा र महेन्द्र शाहीले यसपटक पनि सरकारले कर्णालीलाई ठगेको आरोप लगाए । अर्थमन्त्री वाग्ले र पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले बजेटजति आफ्नो क्षेत्रमा लगेर कर्णालीलाई हेला गरेको दुखेसो गरेका थिए । लगत्तै बुधबार बसेको छलफलमा सत्तापक्षीय सांसदले नै अर्थमन्त्रीको खुलेर आलोचना गरेपछि विज्ञ अर्थमन्त्री वाग्लेले ल्याएका सन्तुलित र विवादरहित भनिएको बजेट पनि वास्तवमा विवादरहित नरहेको प्रस्ट भएको छ।

**दबाबमा अर्थमन्त्री वाग्ले**

खासगरी अर्थमन्त्री वाग्ले यतिबेला तीनवटा मुद्दाले तनावमा छन्। बजेट सार्वजनिक भएलगत्तै जारी गरिएको आर्थिक विधेयमा मनलाग्दी हेरफेर गरेको आरोप खेपिरहेका अर्थमन्त्री वाग्लेले थप व्यवसायीहरूलाई फाइदा पुग्नेगरी विद्युतीय गाडीमा तोकिने करका दरको सूचना चुहाएको आरोप लागिरहेको छ।

यस मुद्दाबारे बच्न सबैजसो फोरम, सार्वजनिक मञ्च, संवैधानिक समिति तथा प्रतिनिधिसभामा समेत अर्थमन्त्री वाग्लेले आफ्नो बचाउमा स्पष्टीकरण दिइरहनुपरेको छ। थप यति नै बेला बजेट विनियोजनमा झेली गर्दै अर्थमन्त्री वाग्लेले बजेटजति आफ्नै निर्वाचन क्षेत्रमा लगेर आवश्यक क्षेत्रमा नदिएको आरोप खेप्नुपरेको छ,

बाँकी पृष्ठ ४ ▸▸

## संघीयता सबलीकरणबारे समाचार लेखनसम्बन्धी ............

अल्पसंख्यक, दलित, महिला, जनजातीहरूका लागि दिएको अधिकारको बारेमा सशक्त लेखनको अपेक्षा गरिन्।

संघीयता जादुको छडी नभएकाले तत्काल प्रतिफल नदेखिने उल्लेख गर्दै उनले संविधानले दिएका अधिकारको सुनिश्चितताको लागि आवाज उठाउनु पर्ने बताइन्। प्रदेश नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष डा. भोगेन्द्र झाले संघीयता कार्यान्वयनमा पात्र र प्रवृत्तिको कारणले केही समस्या रहेको बताए।

संघीयता प्रणाली स्वयम गलत नरहेको चर्चा गर्दै उनले संघीय सरकारले दिने वित्तीय समानीकरण अनुदानमा विभेद, प्रदेशमा सचिवस्तरका कर्मचारी व्यवस्थापनमा समेत आवश्यक सहयोग नगर्दा केही समस्या भएको उल्लेख गरे।

संघीयता विज्ञ तथा राष्ट्रिय सभाका पूर्व सदस्य डा. खिमलाल देवकोटाले संघीयता अघि केन्द्र सरकारले गर्ने ५० प्रतिशत भन्दा बढी काम प्रदेश तथा स्थानीय तहमा आए पनि श्रोत साधन भने केन्द्रीकृत ब्जएकाले समस्या भएको बताए।

वित्तीय हस्तान्तरणमा पनि मधेशलाई उपेक्षा गरिएको चर्चा गर्दै उनले संघीयताका उपलब्धि र चुनौतीको बारेमा छलफल चलाए। सप्तरी, सिरहा, धनुषा र महोत्तरीका विभिन्न राष्ट्रिय सञ्चार माध्यमा कार्यरत तीन दर्जनभन्दा बढी पत्रकारहरूको सहभागिता रहेको कार्यशाला बिहीबारसम्म चल्ने प्राधिकरणले जनाएको छ।

## सिरहामा १४७ फार्मेसीको दर्ता ...........

व्यवस्थित, सुरक्षित र जिम्मेवार बनाउन अनुगमनलाई अझ प्रभावकारी बनाइने विभागले जनाएको छ । चिकित्सकको सिफारिसबिना औषधि वितरण गर्ने, म्याद गुज्रिएका औषधि बिक्री गर्ने तथा जनस्वास्थ्यमाथि खेलबाड गर्ने व्यवसायीविरुद्ध कडा कानुनी कारबाही गरिने चेतावनी विभागले दिएको छ।

स्वास्थ्य क्षेत्रका जानकारहरूले औषधि व्यवसायमा कानुनी मापदण्डको पूर्ण पालना, नियमित नवीकरण तथा गुणस्तरीय सेवा सुनिश्चित गर्न यस्ता कारबाही प्रभावकारी हुने अपेक्षा गरेका छन्।




## सीमा व्यवस्थापनबारे नेपाल-भारत फिल्ड सर्भे टोलीको ...........

बैठकमा यसअघि सम्पन्न पहिलो फिल्ड सर्भे टोली बैठकले गरेका निर्णयहरूको कार्यान्वयन अवस्थाबारे विस्तृत समीक्षा गरिएको थियो। विशेषगरी सीमाक्षेत्रमा नयाँ सीमा स्तम्भ निर्माण, पुराना तथा क्षतिग्रस्त स्तम्भहरूको भइरहेको मर्मत-सम्भार, हराएका वा अस्पष्ट बनेका पिलरहरूको पहिचान तथा सीमा सर्वेक्षणको प्रगति विषयमा छलफल भएको थियो। बैठकबाट जारी सीमास्तम्भको काम अहिले रोकेर वर्षायामपछि पुन: सञ्चालन गर्ने निर्णय पनि भएको जनाइएको छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले बैठकले सीमा व्यवस्थापनलाई थप प्रभावकारी तथा व्यवस्थित बनाउन दुवै देश प्रतिबद्ध रहेको सन्देश दिएको जानकारी दिए। उनका अनुसार सीमा स्तम्भ निर्माण, मर्मतसम्भार तथा सीमा रेखाको संरक्षणका विषयमा दुवै पक्षबीच सकारात्मक सहमति बनेको छ।

सीमावर्ती क्षेत्रमा देखिने विभिन्न प्राविधिक तथा व्यवस्थापकीय चुनौतीलाई समाधान गर्दै सीमा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने विषयमा दुवै पक्ष सकारात्मक रहेको महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताएका छन्।

आगामी दिनमा नेपाल र भारत सरकारबीच भएका संयुक्त निर्णय तथा सहमतिअनुसार साझा कार्ययोजना तयार गरी सीमा स्तम्भहरूको संरक्षण, मर्मत तथा व्यवस्थापनलाई तीव्रता दिने समझदारी भएको उनको भनाइ छ।

छलफलका क्रममा सीमा क्षेत्रमा देखिने प्राकृतिक तथा मानवीय कारणले उत्पन्न समस्याहरू, नदीको बहाव परिवर्तनका कारण सीमा स्तम्भमा पर्ने असर, सीमा क्षेत्रको नियमित अनुगमन तथा प्राविधिक सहकार्यका विषयहरू पनि उठान गरिएको थियो। सर्भे टोलीको पहिलो बैठक भारतको रक्सौलमा सम्पन्न भएको थियो।

बैठकमा दुवै देशका जिल्ला सुरक्षा प्रमुख, नापी कार्यालयका प्रमुख, डिभिजन वन कार्यालयका प्रतिनिधि, पूर्वाधारसम्बन्धी कार्यालयका अधिकारी, सीमा व्यवस्थापनसँग सम्बन्धित विभागीय प्रतिनिधिहरूको उपस्थिति थियो।

प्राप्त जानकारीअनुसार महोत्तरीमा ७ वटा पिलरको मर्मत सम्भार तथा आवश्यक भएका नयाँ पनि सोही ठाउँमा सीमास्तम्भ निर्माण गरिएको छ । यसै गरी धनुषामा दुई वटाको मर्मत सम्भार र केही नयाँ निर्माण गरिएको छ।

केही दिनअघि भारत भ्रमणमा रहेका परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल र भारतबीच रहेका सीमा तथा सीमांकनसम्बन्धी बाँकी विवादहरू कूटनीतिक संवादमार्फत र प्राविधिक तहको संयुक्त फिल्ड सर्भे टोलीको प्रतिवेदनको आधारमा समाधान गर्ने प्रतिबद्धता जनाएका थिए।

**बिजुलीको सुरक्षित प्रयोग गरौं ।**

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

**सावधानी अपनाऔं, सुरक्षित रहौं ।**

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, गोलबजार
मधेश प्रदेश, सिरहा (नेपाल)

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# जचुकालि र वीरगञ्ज चिनी कारखाना सञ्चालन गर्न रुस तयार

अपन दैनिक संवाददाता
काठमाडौं, असार ०३ गते

लामो समयदेखि बन्द रहेको जनकपुर चुरोट कारखाना (जचुकालि) र वीरगञ्जस्थित चिनी कारखानालगायतका औद्योगिक प्रतिष्ठान पुनः सञ्चालन गर्न रुसले चासो व्यक्त गरेको छ।



बुधबार उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग भएको भेटवार्ताका क्रममा नेपालका लागि रुसी महासंघका आसासीय राजदूत एलेक्सी भ्लादिमिरोले यस्तो बताएका हुन्।

भेटवार्ताका क्रममा राजदूत एलेक्सीले जनकपुर चुरोट कारखाना, वीरगञ्ज चिनी कारखानालगायतका औद्योगिक प्रतिष्ठानलाई पुनः सञ्चालन योग्य बनाउन रुसी पक्ष तयार रहेको बताएको उपराष्ट्रपति यादवको सचिवालयले जनाएको छ।

लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा भएको भेटवार्ताका क्रममा दुवै जनाबीच नेपाल र रुसबीचको द्विपक्षीय सम्बन्धका विविध आयाममा सौहार्दपूर्ण संवाद भएको उपराष्ट्रपतिको सचिवालयले जनाएको छ।

यस अवसरमा उपराष्ट्रपति यादवले सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नेपाल र रुसी महासंघबीच मैत्रीपूर्ण एवं सौहार्दपूर्ण सम्बन्धी रही आएकोप्रति सन्तोष व्यक्त गरे।

उपराष्ट्रपति यादवले यसैवर्ष दुई राष्ट्रबीच कूटनीतिक सम्बन्धको ७० औं वर्ष पूरा हुँदै गरेको प्रसंग उल्लेख गर्दै पारस्परिक सम्मान, समझदारी र मित्रताको अटुट बन्धनमा आधारित सम्बन्धलाई नेपालले सगौरव स्मरण गर्न चाहेको बताए।

उनले नेपाललाई सोभियत संघकालदेखि मानव संसाधन विकास, पर्यटन, औद्योगिक तथा यातायात पूर्वाधारका क्षेत्रमा रुसले गरेको सहयोग प्रशंसनीय रहेको बताए।

'पछिल्लो समयमा दुई राष्ट्रबीच बढ्दो सांस्कृतिक तथा जनस्तरको आदानप्रदानप्रति नेपालले प्रसन्नता व्यक्त गर्दछ,' उपराष्ट्रपति यादवले भने, 'आगामी दिनमा नेपाल–रुस द्विपक्षीय सम्बन्धमा नयाँ आयाम थपिँदै हाम्रो सम्बन्ध अझ सुदृढ हुने विश्वास लिएको छु।'

यस अवसरमा राजदूत सुरोभत्सेभले नेपाल–रुस सम्बन्धलाई अझ बलियो बनाउन निरन्तर सहयोग रहने बताए। उनले रुस नेपाललाई जलविद्युत्, कृषि, चिकित्सा तथा भौतिक पूर्वाधारलगायत क्षेत्रमा सहयोग गर्न इच्छुक रहेको उल्लेख गरे।

# मधेश प्रदेश सरकारले पालिकाहरूलाई बाँडफाँट गऱ्यो रासायनिक मल

अपन दैनिक संवाददाता
जनकपुरधाम, असार ०३ गते




मधेश प्रदेश सरकारले वर्षे धानलाई लक्षित गर्दै स्थानीय तहहरूमा रासायनिक मल वितरणका लागि सरोकारवाला निकायलाई बाँडफाँट गरेको छ।

धानबाली रोपाई सुरु भइसकेपनि रासायनिक मल वितरण नगरेको आरोप लागिरहेका बेला प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत गठित प्रदेश मल समितिले रासायनिक मल युरिया र डीएपी कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङलाई वितरणका लागि बाँडफाँट गरेको हो।

समितिको जेठ २७ गतेको निर्णयानुसार ७ हजार ३२८ मेट्रिक टन युरिया र ६ हजार ६१० मेट्रिक टन डीएपी मल बाँडफाँट गरिएको मन्त्रालयले जनाएको छ।

कृषि सामग्री कम्पनी लिमिटेडतर्फको युरिया र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडतर्फको डीएपी मल मधेश प्रदेशमा रहेका १३६ वटै स्थानीय तहहरूमा बाँडफाँट गरिएको मन्त्रालयका प्रवक्ता मनीष कुमार पालले जानकारी दिएका छन्।

मन्त्रालयले सप्तरीका १८ वटा स्थानीय तहका लागि ९७५ मेट्रिक टन युरिया र १ हजार ३५ मेट्रिक टन डीएपी मल वितरण गर्न भनेको छ।

त्यस्तै, सिरहामा रहेको स्थानीय तहका लागि १ हजार ७२ मेट्रिक टन युरिया र १ हजार १३७ मेट्रिक टन डीएपी, धनुषामा रहेका स्थानीय तहका लागि ९२६ मेट्रिक टन युरिया र ७७८ मेट्रिक टन डीएपी मल बाँडफाँट गरेको छ भने महोत्तरीमा रहेका स्थानीय तहहरूका लागि ८८० मेट्रिक टन युरिया र ७४० मेट्रिक टन डीएपी मल वितरण गरेको हो।

यसैगरी सर्लाहीमा रहेका स्थानीय तहका लागि १ हजार ९३ मेट्रिक टन युरिया र ९१९ मेट्रिक टन डीएपी, रौतहटका स्थानीय तहका लागि ८७५ मेट्रिक टन युरिया र ७३६ मेट्रिक टन डीएपी, बारामा रहेका स्थानीय तहका लागि ८१९ मेट्रिक टन युरिया र ६८९ मेट्रिक टन डीएपी, पर्सामा रहेका स्थानीय तहका लागि मन्त्रालयले ६८७ मेट्रिक टन युरिया र ५७८ मेट्रिक टन डीएपी मल बाँडफाँट गरिएको छ।

# जबरजस्ती बिहे गराएर फरार रहेका व्यक्ति पक्राउ

अपन दैनिक संवाददाता
सप्तरी, असार ०३ गते




सप्तरीमा युवाको इच्छा र मञ्जुरीविपरीत जबरजस्ती विवाह गराएको आरोपमा एक जना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार सुरुङ्गा नगरपालिका–९ निवासी २४ वर्षीय मनोज ठाकुरलाई मञ्जुरीविना विवाह गराएको कसुरमा पक्राउ गरिएको हो।

प्रहरीका अनुसार २०८२ साउन ३१ गते सुरुङ्गा–९ स्थित केशव स्मारक जनता माध्यमिक विद्यालय परिसरको सरस्वती मन्दिरमा नागेन्द्र यादवको इच्छा तथा मञ्जुरीविपरीत सुरुङ्गा–१० निवासी २२ वर्षीया प्रियंका कुमारी यादवसँग जबरजस्ती विवाह गराइएको थियो।

घटनापछि फरार रहेका ठाकुरलाई खोजतलासका क्रममा सुरुङ्गा–९ बाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। पीडित नागेन्द्र यादवको जाहेरीका आधारमा मुद्दा दर्ता गरी जिल्ला अदालत सप्तरी बुधबारबाट म्याद थप अनुमति लिएर थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।

## बालेन सरकारको जोस र आक्रोश ............

बुझिन्छ। मौलिक अधिकारको पनि त कुरा होला नि ? राजनीति विचार त मौलिक अधिकार पनि त हो नि ! तर विद्यावारिधि तथा शैक्षिक प्रमाणपत्र र क्षमता अनि अनुभव त राजनीतिक विचारले प्राप्त गरेको होइन होला नि ?

सम्पूर्ण पूर्वाधारले सम्पन्न भएका देशमा पढेर आएका युवा त्यहाँको जस्तै परिपाटी बसाउन खोज्नु अवश्य पनि सकारात्मक मान्न सकिन्छ। तर दुईतिहाईको बहुमत प्राप्त सरकारले सार्वभौम संसदबाट प्रक्रियागत तरिकाले सर्वस्वीकार्य नियम, कानुन बनाएर सर्वप्रथम पूर्वाधार बनाउनु उचित हुन्छ कि ! आजभोलि प्रविधिले दास बनाउन खोजेको मानव समाजमा प्रविधिमैत्री जनशक्ति आवश्यक देखिन्छ। राज्य सञ्चालन गर्ने नेतृत्व, राष्ट्रसेवक कर्मचारी र सेवाग्राही सर्वसाधारणसमेत प्रविधिप्रति कम्तीमा साक्षर र सचेत हुनुपर्छ। सीपयुक्त जनशक्ति अभावमा सिद्धान्त, विचार, आत्मविश्वास भएर मात्र पुग्दैन, काम गर्ने काजीको आवश्यकता देखिन्छ।

विगतका अनुभवले के देखाउँछ भने सिद्धान्तमा चाहे निर्दलीय पञ्चायती व्यवस्था होस् वा संवैधानिक राजतन्त्रात्मक बहुदलीय व्यवस्था होस् या त अहिलेको संघीय गणतन्त्रात्मक परिपाटी होस् कमीकमजोरी देखिन्छ। तर व्यवहारमा हामी अझै पनि कमजोर छौं। आफ्नो आङको भैंसी नदेख्ने अर्काको आङको जुम्रा पनि देख्ने। आफू सत्तामा छँदा सेतो स्फटिक अति राम्रो भनेर व्याख्या गरेके कुरा प्रतिपक्षमा रहँदा छटपटिएजस्तो कुरूप कालो भनेर व्याख्या गर्ने प्रवृत्ति हानिकारक छ। रज्जु दर्शनाले सांसदहरू नयाँ भएको, अनुभव कम भएकाले तालिमको आवश्यकता औंल्याएकोमा नकारात्मक आलोचनाका रुपमा भाइरल भए पनि सही अर्थमा यो भनाइ सकारात्मक मान्न सकिन्छ। साँच्चिकै नेतृत्वमा सिद्धान्तलाई व्यवहारमा उतार्ने सकारात्मक चेतना र नागरिकलाई अधिकारका साथ कर्तव्यको चेतना आवश्यक देखिन्छ।

## बजेट पुनरावलोकन गर्न सत्तापक्षकै ............

जुन तथ्य आफ्नै पार्टीका सांसदले आलोचना गरेपछि थप पुष्टि हुन पुगेको छ।

**१–२ लाखका खुद्रे आयोजनामा समेत बजेट विनियोजन**

बजेटमाथिको छलफल जारी रहेको बेला अर्थमन्त्री वाग्लेले वडाध्यक्षको हैसियतमा १–२ लाखका खुद्रे आयोजनाहरूमा समेत बजेट छुट्याएको भन्दै आलोचना भएको छ। १ करोडभन्दा कम लगानीका परियोजना प्रदेश तथा पालिकाअन्तर्गत पठाउने नीति हुँदाहुँदै अर्थमन्त्री वाग्लेले मन लागेको ठाउँमा खुद्रे आयोजनाहरूमा समेत बजेट छुट्याएको तर चाहिने ठाउँमा नदिएको भन्दै सांसदहरूले विरोध जनाएका छन्।

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले अर्थमन्त्रीले एउटा मामुली वडाअध्यक्षको हैसियतमा १–२ लाखको आयोजनामा बजेट छुट्याएको भन्दै आलोचना गरे। अर्थ मन्त्रालयसहित पूर्वाधार विकास मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत मन्त्रालयगत बजेटमाथिको छलफल र जवाफ बिहीबारका लागि तोकिएको छ।

## मधेश प्रदेशबाट रास्वपाले कसरी छान्छ ............

नभएका कारण प्रदेश अधिवेशनसमेत हुन सकेन।

आठ वटा जिल्ला रहेको मधेश प्रदेशमा आन्तरिक विवादका कारण पर्सा जिल्लाबाहेक अन्य सात वटै जिल्लामा अधिवेशन हुन सकेन।

पार्टीले बारा जिल्ला समिति विघटन गरेपछि सुरू भएको किचलो र आन्तरिक कलहको आगो अन्य साते जिल्लामा फैलिएपछि केन्द्रीय निर्वाचन आयोगले अर्को सूचना नआएसम्मका लागि अधिवेशन स्थगित गरेको थियो। शान्ति सुरक्षा जोखिमका कारण आयोगले महाधिवेशन अगाडि अधिवेशन गर्ने हिम्मत गरेन।

आन्तरिक विवादका कारण सिङ्गो मधेश प्रभावित हुँदा पर्सा जिल्ला अधिवेशन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। यद्यपि त्यहाँ पनि जेठ २३ गते निर्वाचन प्रक्रिया अगाडि बढाउँदा बढ्दा झडपको स्थिति आएको थियो। तर पर्सा–१ बाट निर्वाचित सांसद तथा सभापति बुद्धिप्रसाद (हरि) पन्तको समन्वयकारी भूमिकाका कारण जेठ २४ गते शान्तिपूर्ण रुपमा नेतृत्व चयन भयो।

विवाद समाधानका लागि केन्द्रीय संगठन विभागका सचिव शंकर श्रेष्ठ वीरगञ्ज पुगेका थिए। श्रेष्ठकै रोहबरमा पर्साका चारवटै निर्वाचन क्षेत्रका सांसदहरू र निर्वाचन प्रमुख डा. नन्दन यादव सहितको सहमतिमा प्रतिनिधि विवाद टुङ्ग्याइएको थियो। चुनावी प्रतिस्पर्धामा पन्त र पर्सा–२ का सांसद सुशील कानुबिच प्रतिस्पर्धा भएको थियो। पन्त संस्थापक सभापति हुन्। पन्तले ४८ मतको अन्तरले कानुलाई पराजित गरेका थिए। उनले पूरै प्यानललाई नै विजयी गराएका थिए।

मधेशमा विवाद चर्किनुमा मुख्यतः मधेसबाट निर्वाचित सांसदहरू चुनाव ताका टिकट पाएर जितेका तर पार्टी संगठनमा भिज्न नसकेको, पुराना पार्टीबाट आएकाले पार्टीको नीति, पद्धति, विधानलाई आत्मसात् गर्न नसकेको जिल्लास्तरका नेताहरूको आरोप छ। खासगरी रास्वपाका केन्द्रीय प्रवक्ता मनिष झा, मधेस प्रदेश सभापति तपेश्वर यादव, समानुपातिक सांसद पुरुषोत्तम यादवको कार्यशैलीप्रति रास्वपा मधेसका नेता तथा कार्यकर्ताहरू बढी रुष्ट छन्।

बारा–१ बाट निर्वाचित सांसद तथा मधेश प्रदेश महामन्त्री गणेश धिमालले पार्टी ठूलो हुँदा समस्या पनि बढेको जिकिर गरे। 'मधेशमा पहिलेदेखिकै समस्या हो। पार्टी ठूलो हुँदा विवाद व्यवस्थापन गर्न नसकेर अधिवेशन गर्न सकिएन', उनले भने।

**महाधिवेशनमा प्रतिनिधि कसरी सहभागी हुन्छन् ?**

रास्वपाका केन्द्रीय महामन्त्री कवीन्द्र बुर्लाकोटीका अनुसार मधेश प्रदेशमा धनुषा, सप्तरी, बारा र सर्लाही अधिवेशन नै सुरु भएन। सिरहा, महोत्तरी र रौतहटमा अधिवेशन सुरु भएर पनि विवादका कारण स्थगित भएको छ। बारा–१ बाट निर्वाचित सांसद तथा प्रदेश सहमहामन्त्री गणेश धिमालले अधिवेशन भएको पालिका, जिल्लाका निर्वाचित र नभएकामा तदर्थ समितिका पदाधिकारी सहभागी हुने बताए।

धिमालमा अनुसार अधिवेशन भएकाको हकमा पालिकाका सभापति र समितिले माइन्युट गरेका प्रतिनिधि सहभागी हुने छन्। जसमा नगरपलिकाबाट २ जना, गाउँ पाउँपालिका १ जना, उपमहानगरपालिकाबाट ३ जना र महानगरपालिकाबाट चार जना सहभागी हुनेछन्।

अधिवेशन नभएका पालिका, जिल्ला तथा प्रदेशमा तदर्थ समितिका सभापति सहभागी हुनेछन्। समग्रमा एउटा जिल्लाबाट ५० जना प्रतिनिधि सहभागी हुने धिमालले जानकारी दिए। केन्द्रीय विभागका सदस्यहरू, पूर्व केन्द्रीय सदस्य, प्रदेश सभापति, २०७९, सालमा निर्वाचित प्रतिनिधि, उम्मेदवारहरू पनि महाधिवेशन प्रतिनिधि हुनेछन्। विवेकशील साझाले जितेको बाराको फेटा गाउँपालिकाका सबै प्रतिनिधि सहभागी हुने उनले बताए।

निर्वाचन क्षेत्रबाट दुई जना प्रतिनिधि सहभागी हुने धिमालले जानकारी दिए। तदर्थ जिल्ला समितिबाट दुई जना महिला अनिवार्य हुनेगरी पाँच जना सहभागी हुनेछन्। बारा जिल्ला समिति विघटन भएकाले जिल्ला समितिबाट सहभागी हुन पाउने छैनन्। यस्तै प्रदेशका तदर्थ समिति, विभागका पदाधिकारी, प्रदेश आयोग सबै महाधिवेशन प्रतिनिधि हुनेछन्।

## मधेशको विकास खर्च ११ महिनामा ............

निरेन्द्रलाल कर्णले प्रतिशतको आधारमा सबैभन्दा बढी अर्थ मन्त्रालयले ४७.६३ प्रतिशत बजेट खर्च गरेको बताए। सबभन्दा कम खेलकुद तथा समाज कल्याण मन्त्रालयले ५.५७ प्रतिशत बजेट खर्च गरेको हो।

मधेश सरकारले चालु आवका लागि बजेट ल्याउँदा सबैभन्दा बढी बजेट भौतिक पूर्वाधार मन्त्रालयका लागि विनियोजन गरिएको थियो। सो मन्त्रालयका लागि पुँजीगततर्फ १६ अर्ब ५८ करोड ७० लाख ८४ हजार ७३८ रुपैयाँ विनियोजन गरिएकोमा त्यसको १९.६२ प्रतिशत अर्थात् ३ अर्ब ३३ करोड १० लाख ४५ हजार ३६१ रुपैयाँ खर्च गरेको छ।

सूचना अधिकारी कर्णका अनुसार यी बाहेक अन्य मन्त्रालयहरूमा उर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका लागि पुँजीगततर्फ ३ अर्ब ८७ करोड ६६ लाख ८८ हजार रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ९.१५ प्रतिशत अर्थात् ३५ करोड ४७ लाख ७७ हजार १३ रुपैयाँ खर्च गरेको छ।

यसै गरी उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका लागि पुँजीगततर्फ २ अर्ब ६५ करोड २८ लाख ८१ हजार रुपैयाँ विनियोजन गरिएकोमा त्यसको २.४२ प्रतिशत अर्थात् ६ करोड ५६ लाख ३७ हजार २३१ रुपैयाँ खर्च गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका लागि पुँजीगततर्फ २ अर्ब २१ करोड ९२ लाख ५९ हजार १८० रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ४.९४ प्रतिशत अर्थात् १० करोड ९६ लाख ३८ हजार ५२२ रुपैयाँ मात्र खर्च भएको छ।

यस्तै शिक्षा तथा संस्कृति मन्त्रालयले पुँजीगततर्फ ५.४२ प्रतिशत, खेलकुद तथा समाज कल्याण मन्त्रालयले ०.५८ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले १९.२८ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले १४.३४ प्रतिशत, गृह सञ्चार तथा कानुन मन्त्रालयले १३.२३ प्रतिशत, श्रम तथा यातायात मन्त्रालयले ९.५४ प्रतिशत र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले ११.६४ प्रतिशत विनियोजित पुँजीगततर्फको बजेटमा खर्च गरेको हो।

मधेश प्रदेशसभाले कुल विनियोजित बजेटको ४५.१७ प्रतिशत, प्रदेश लोकसेवा आयोगले ६९.७५ प्रतिशत, मुख्यन्यायाधिवक्ताको कार्यालयले ४९.७२ प्रतिशत र प्रदेश नीति तथा योजनाआयोगले ४१.५३ प्रतिशत बजेट खर्च गरेको हो।

प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले जेनजी आन्दोलन र निर्वाचनको कारणले ढिला गरी बजेट सञ्चालन भएको र पुँजीगत खर्चतर्फ अधिकांश योजना टेण्डरमार्फत काम भइरहेकाले तिनीहरूको भुक्तानी बाँकी रहेको बताए। त्यसैकारण पनि पुँजीगततर्फ बजेट खर्च कम देखिएको उनको दावी छ। तर असार मसान्तसम्म ६० प्रतिशतको हाराहारीसम्म बजेट खर्च हुने उनी बताउँछन्।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३–५२१२१४